## लोक सेवा आयोग

## नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

## २०७९/११/१९

**प्रथम पत्र**

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

**विषय : Banking, Accounting, Mathematics and Computer**

*प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

### खण्ड "क" — ४० अङ्क

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले राष्ट्र बैंकका के-कस्ता उद्देश्यहरु किटानी गरेको छ ? सो ऐनअनुसार राष्ट्र बैंकले गर्न नहुने कामहरु के के हुन् ? उल्लेख गर्नुहोस् । ५+५ = १०

(What are the objectives and prohibited functions of Nepal Bank defined in NRB Act, 2058 ?)

२. मौद्रिनी नीति भनेको के हो ? नेपालका बैंक तथा वित्तीय संस्थाहरुको सञ्चालनका लागि मौद्रिक नीतिले के कसरी टेवा पुर्‍याउँछ ? उदाहरणसहित उल्लेख गर्नुहोस् । ४+६ = १०

(What is monetary policy ? How does monetary policy contribute in operation of Nepali banks and financial institutions ? Explain with examples.)

३. वित्तीय साक्षरता भन्नाले के बुझिन्छ ? आजकल बैंक सञ्चालनका सन्दर्भमा वित्तीय साक्षरता र डिजिटल साक्षरता किन उत्तिकै महत्वपूर्ण छन् ? उदाहरणसहित उल्लेख गर्नुहोस् । २+८ = १०

(What is meant by financial literacy ? Now a days, why financial literacy and digital literacy are equally important in the context of banking operation ? Clarify.)

४. शेयर र डिवेञ्चरमा के भिन्नता छ ? बैंक तथा वित्तीय संस्थाले जारी गर्ने डिवेञ्चरको औचित्य तथा उपयोगबारे प्रकाश पार्नुहोस् । ४+६ = १०

(What is the difference between Share and Debenture ? Highlight the rational and uses of Debenture which BFI's has been issuing.)

### खण्ड "ख" — ३० अङ्क

५. बैंक हिसाब मिलान विवरण भनेको के हो ? बैंक हिसाब मिलान विवरण तयार गर्न किन आवश्यक हुन्छ ? उदाहरणसहित उल्लेख गर्नुहोस् । ३+७ = १०

(What is bank reconciliation statement ? Why is it necessary to prepare bank reconciliation statement ? Explain with examples.)

६. आन्तरिक नियन्त्रण प्रणालीलाई परिभाषित गर्दै यसका मुख्य विशेषताहरु लेख्नुहोस् । "आन्तरिक नियन्त्रण प्रणालीलाई कार्यालय व्यवस्थापनको मुख्य औजार भनिन्छ ।" पुष्टि गर्नुहोस् । ३+२+५ = १०

(Define internal control system with its main features. "Internal control system is considered as the major management tool of office management." Justify.)

७. सरकारी लेखा प्रणाली र नेपाल सरकारले अपनाएको लेखामानबारे संक्षिप्तमा वर्णन गर्नुहोस् । ५+५ = १०

(Briefly explain Government According System and Accounting Standards followed by Government of Nepal.)

### खण्ड "ग" — २० अङ्क

८. यदि ५ पुरुष, १० महिला र १५ केटाहरुले दिनको १० घण्टाको दरले काम गर्दा १४४ दिनमा कुनै काम पूरा गर्दछन् भने ८ पुरुष, ८ महिला र ८ केटाहरुले दिनको १२ घण्टाको दरले काम गर्दा सोही काम कति दिनमा पूरा गर्न सक्लान् ? जहाँ पुरुष, महिला र केटाहरुको कार्यदक्षताको अनुपात क्रमशः ३:२:१ रहेको छ । ५

(If 5 men, 10 women and 15 boys can complete a piece of work in 144 days working 10 hours a day, how many days are required to complete the same work for 8 men, 8 women and 8 boys working 12 hours a day ? The working efficiency of men, women and boys is in the proportion 3:2:1 respectively.)

CamScanner

९. रामले बैशाख १ गते र कार्तिक १ गते रु १६०० का दरले रकम जम्मा गर्छ । यदि बैंकले अर्धवार्षिक ५% का दरले चक्रवृत्ति ब्याज प्रदान गर्छ भने एक वर्षको अन्त्यमा रामले कति रकम ब्याज पाउँछ ? ५
(Ram deposits Rs. 1600 on each Baishak 1 and Kartik 1. If the bank provides 5% compound interest half yearly, how much interest will Ram get at the end of 1 year ?)

१०. एउटा खुद्रा पसलेले ५० वटाकिताब माग गरेकोमा थोक बिक्रेताले ५५ वटा पठाइदिएछ । यदि ७.५% व्यापारिक छुटसमेत दिइएको थियो भने खुद्रा व्यापारीको लागि जम्मा कति प्रतिशत छुट भयो ? ५
(A whole seller supplies 55 books while he was ordered to send 50 books by a ratailer A trade discount of 7.5% is also allowed. What is the net value of the discount to the retailer ?)

११. तल दिइएको तथ्यांकबाट मध्यिका निकाल्नुहोस् । यदि सो तथ्यांकको मध्यक ४ रहेछ भने रित कति हुन्छ ? पत्ता लगाउनुहोस् ? ५
(Find the median from the data given below. If the mean of given data set is 4, then what is the mode of given data ?)

| X | 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|---|
| f | 8 | 10 | 11 | 9 | 6 | 5 |

## खण्ड "घ"

१० अङ्क

१२. Differentiate among internet, Intranet and Extranet in network communication. ५

१३. What are the basic guidelines for secure use of email and internet ? ५

CamScanner

## लोक सेवा आयोग
## नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा
२०७९/११/२०

प्रथम : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : Economics, Management, Banking laws and Policies

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क"

४० अङ्क

१. नेपाली अर्थतन्त्रको बारेमा यसका प्रमुख विशेषताहरुसहित चर्चा गर्नुहोस् । १०
(Mention the Nepali Economy with its major features.)

२. देशको अर्थव्यवस्थालाई स्थिरता तिर लैजान मौद्रिक र वित्तीय नीतिले के-कस्तो भूमिका निर्वाह गर्दछ ? नेपालको अर्थव्यवस्थाका सन्दर्भमा उल्लेख गर्नुहोस् । ५+५ = १०
(What roles do monetary and fiscal policies play in stabilizing the economy of a country ? Explain in the context of the Nepali Economy.)

३. आर्थिक वृद्धि र आर्थिक विकासबीच के-के भिन्नताहरु छन् ? समावेशी आर्थिक वृद्धि हासिल गर्न नेपालले के-कस्ता कदमहरु चाल्नु पर्छ ? ५+५ = १०
(What are the differences between Economic Growth and Economic Development ? What steps should Nepal take to achieve inclusive economic growth ?)

४. विश्व बैंकले नेपालको आर्थिक विकासमा गरेको योगदानको चर्चा गर्नुहोस् । १०
(Describe the contribution of World Bank for the economic development of Nepal.)

### खण्ड "ख"

३० अङ्क

५. के-कस्ता सीपहरुको नेतृत्वलाई सफल बनाउँदछ ? छोटकरीमा वर्णन गर्नुहोस् । १०
(What skills would make the leadership successful ? Briefly explain.)

६. उत्प्रेरणा भन्नाले के बुझिन्छ ? मास्लोको आवश्यकता श्रृंखला सिद्धान्तको संक्षेपमा व्याख्या गर्नुहोस् । ३+७ = १०
(What is meant by motivation ? Briefly explain the Maslow's hierarchy of needs theory.)

७. संस्थाभिको औद्योगिक वातावरणमा हुने विवादका कारणहरुबारे चर्चा गर्दै त्यस्ता विवाद समाधानका उपायहरु प्रस्तुत गर्नुहोस् । ५+५ = १०
(Mention the various causes of industrial environmental dispute with in an organization and present the ways to settle those disputes.)

### खण्ड "ग"

३० अङ्क

८. नेपाल राष्ट्र बैंकको काम, कर्तव्य र अधिकारहरु के के हुन् ? बैंक नोट र सिक्का निष्काशन गर्ने र प्रतिलिपि तथा जाली मुद्रा नियन्त्रण गर्नका लागि नेपाल राष्ट्र बैंकलाई प्राप्त अधिकारहरुको चर्चा गर्नुहोस् । ६+४ = १०
(What are the functions, duties and powers of Nepal Rastra Bank ? Discuss the powers of NRB to issue Bank notes and Coins and to control contraband faked or counterfeit currency.)

९. सम्पत्ति शुद्धीकरण भनेको को हो ? सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी गर्न रोक लगाउने कानूनी व्यवस्थाहरु बुँदागत रुपमा उल्लेख गर्नुहोस् । २+८ = १०
(What is money laundering ? As per Anti Money Laundering Act, 2064 specify the provisions that prohibit money laundering and financing terrorist activities.)

१०. "विदेशी विनिमय" को परिभाषा दिनुहोस् । विदेशी विनिमय कारोबार भन्नाले के बुझ्नुहुन्छ ? लेख्नुहोस् । ४+६= १०
(Define "Foreign Exchange." What do you mean by Foreign Exchange Transactions ? Write.)

CamScanner